**गाउँसभाको बैठकमा**

**अध्यक्ष श्री कृष्ण रेग्मीद्वारा प्रस्तुत**

आर्थिक वर्ष २०७९/०८० को

# सिस्ने गाउँपालिकाको नीति तथा कार्यक्रम

सिस्ने गाउँपालिका

रुकुमकोट, रुकुम (पूर्व) ।

९ असार २०७९

**यस सभामा उपस्थित सिस्ने गाउँपालिका उपाध्यक्षज्यू,**
**गाउँसभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी तथा उपस्थित सम्पूर्ण महानुभावहरु,**

नेपालको संविधान बमोजिम स्थानीय तहको सरकारको तर्फबाट यस गरिमामय गाउँसभामा आर्थिक वर्ष २०७९।८० को सिस्ने गाउँ कार्यपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै हर्षित र गौरवान्वित महसुस गरेको छु । यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र निर्माणका लागि नेपाली जनताले पटक–पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन, माओवादी जनयुद्धको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै गणतन्त्रको स्थापनार्थ आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइते तथा अपाङ्ग योद्धाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु, वेपत्ता योद्धाहरुप्रति विशेष सम्मान एवं स्मरण गर्न चाहान्छु ।

## ख. विद्यमान परिवेश

### राजनीतिक:

सिस्ने गाउँपालिका नेपालको लुम्विनी प्रदेश अन्तर्गत रुकुम पूर्वमा जिल्ला अन्तर्गत पर्ने गाउँपालिका हो । ३ वटा स्थानीय तह मध्ये प्राकृतिक श्रोत साधनको दृष्टिले सबै भन्दा धनी सिस्ने गाउँपालिकामा हिमाली, उच्च पहाडि र पहाडि क्षेत्रको हावापानी पाइन्छ । हिमाल, पहाड र बेसी गरी ३ भागमा भौगोलिक विभाजनमा बाँडिएको यस गाँउपालिकामा ८ वटा वडाहरु रहेका छन् । सिस्ने हिमालको काखमा रहेको यो पालिका हिमालको नामबाट नामकरण गरिएको छ । संघिय शासनको परिकल्पनामा यहाँका जनताको ठूलो वलीदानी र त्यागको योगदान जोडीएको छ । संघियता कार्यान्वयनमा हामीलाइ जनताले ठूलो अभिभारा सुम्पेका छन् । यस पालिकाका ८ वटा वडामध्ये अध्यक्षसहित ४ वडा र ६ कार्यपालिका सदस्यमा ने. क. पा. माअवादी केन्द्र र उपाध्यक्ष सहित ३ वटा वडा ने. क. पा. एमालेबाट र १ वटा वडाबाट नेपाली कांग्रेस निर्वाचित भइ स्थानीय सरकार संचालन भइरहेको छ।

### सामाजिक:

विभिन्न जातजाति र धर्म संस्कृतिको बाहुल्यता रहेको यस पालिकामा कुल जनसंख्या २१४७३ मध्ये महिला १०८४४ र पुरुष १०६२९ रहेका छन् । जातजातीको हिसावले दलित ४३४२ जनजाति ५६४५ र अन्य ११४८६ वसोवास गर्दछन् । यस गाउँपालिकामा अधिकांश सडक कच्ची रहेको छ र मध्य पहाडी लोकमार्ग निर्माण हुन लागेकोले हाल १ कि. मि. सडक पक्की रहेको छ । यस गाउँपालिकाको भू-उपयोग हेर्दा ३२७.१२ वर्ग कि. मी. क्षेत्रफल मध्ये खेतीयोग्य जमिनले ४३२८.९९ हेक्टर ओगटेको, त्यस्तै आवास क्षेत्रले २.३६ हेक्टर ओगटेको, नदि नाला, ताल तलैयाले २४१९.६१ हेक्टर ओगटेका, आवास क्षेत्रले ५६. २४ हेक्टर र वनजंगलले ४९२०४.४३९ हेक्टर ढाकेको छ । यहाँ १ क्याम्पस, ९ मा. वि., ३० आ वि, संस्थागत ३ शैक्षिक संस्थाहरुले शैक्षिक सेवा उपलव्ध उपलव्ध भैरहेको छ । सवै बालबालिकालाइ पूर्ण खोपको सुनिश्चितता गरीएको छ ।

### आर्थिक:

जनप्रतिनीधीहरु निर्वाचित भइ आइसकेपश्चात पालिकाको समग्र विकासमा साधन श्रोतको परिचालन र उपयोगमा ध्यान दिइ कार्य भइरहेको छ । गाउँका जनताको जीवनस्तर, आम्दानी, रोजगार बढाउने तथा प्रत्यक्ष लाभ हुने र गरीवी घटाउने कार्यक्रमहरु संचालनमा ल्याइएको छ । यस पालिकाले विगत ३ वर्ष देखि कृषि अनुदानलाइ जोड दिइ उत्पादकत्व बृद्धिका कार्यहरु भइरहेका छन् । भैसीपालन,

बाख्रापालन, कुखुरापालन, फलफूल खेति, तरकारी खेती महुरीपालन जस्ता क्षेत्रमा अनुदानलाइ नियमीत गरीएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रमबाट हाल सम्म लाइ रोजगारी दीलाएका छौ। सडक पूर्वाधार, विद्युत विस्तार र संचार क्षेत्रमा दोब्बर विकास भएको छ। यो अत्यन्त सकारात्मक सुधार हो। वित्तीय संस्थाहरुको संख्यामा वृद्धि भइरहेको छ। यसवाट आर्थिक कारोवार दिनानुदिन बढ्नु, बचत तथा ऋण परिचालन हुनुबाट आर्थिक सुधार देखिन्छ। हिजो भन्दा आज प्रति व्यक्ती आम्दानीमा बृद्धी भएको छ। रुकुमकोट, पोखरा, नायगाडमा वजार विस्तार भइ आर्थिक कारोवार बृद्धि भइ प्रगति भएको छ। पालिका आफै र अन्य निकायहरुको समन्वय र सहयोगमा साना तथा लघु उद्योगहरुको स्थापना गरी प्रवर्धन गरिएको छ। यसले बेरोजगार युवा तथा लक्षित वर्गको आर्थिक सुधार देखीएको छ। लगानी र स-साना उद्यमसिलताको माध्यमबाट युवाहरुको जीवनस्तर उठाउन मद्दत पुगेको छ।

**प्रशासनिक:**

यस पालिकाको सुन्दर पहाडी उपत्यका रुकुमकोटमा रुकुम पूर्व जिल्लाको सदरमुकाम रहेको छ। यस उपत्यकाको विच भाग हुदै मध्यपहाडी लोकमार्ग गएकोले यसठाउँको सुन्दर भविश्यको ढोका खुलेको छ। यहाँ भौतिक पूर्वाधार पर्यटन विकास लगायत विभिन्न अवसरहरुको प्रचुर सम्भावना छ। प्रशासनिक विभाजनका हिसावले ८ वटा वडा रहेता पनि नगरपालिका हुन आवश्यक सूचकहरु पुरा भएकाले यतिवेला प्रदेश सरकार समक्ष नगरपालिकाको लागि पेश गर्न सभावाट सर्वसम्मत निर्णय भएको छ। संघिय सरकार र प्रदेश सरकारबाट प्रदान गरिने सवै सेवाहरु यहीस्थानबाट प्रवाह भइरहेका छन्। पालिकाबाट सर्वसुलभ तरीकाले जनसाधारणलाई सेवा प्रदान गर्न पालिकाले आफ्नै प्रशासनिक भवन निर्माण गर्न लागेको छ। हाल उक्त भवनको निर्माण कार्य सम्पन्न नहुन्जेल सम्म प्रदेश सरकार पालिकाको संयुक्त पहलमा बनेको भवनबाट सेवा दिइरहेको कुरा अवगत गराउन चाहान्छु। पालिकमा कर्मचारीहरुको पदपूर्ति भइसकेपछि हाम्रा विकास निर्माणका कार्यहरुले गति पाएका छन् भने सेवा प्रवाह छिटो छरीतो भएको छ।

**ग. विकास र समृद्धिको लक्ष्य प्राप्तीका लागि गरिएका महत्वपूर्ण प्रयास, अवसर तथा चुनौति**

**चालिएका कदम तथा महत्वपूर्ण प्रयासहरु:**

१. पूर्वाधार, सामाजिक, आर्थिक, संस्थागत विकास सम्वन्धी नीति निर्माण गरी ऐन नियम वनाइ स्थानीय सरकारको भुमिकालाई प्रभावकारी वनाइएको।
२. आधारभुत स्वास्थ्य, शिक्षा तथा गरीवी निवारणका कार्यक्रम संचालन गरिएको।
३. मानव विकासका पक्षहरुमा लगानी गरिएको।
४. गरीव, बिपन्न, पिछडिएका जनताहरुलाई लक्षीत गरी विकास निर्माणका कामहरु संचालन गरीएको
५. विभिन्न निकायहरुसंग साझेदारी सहकार्य समन्वय गरेको।
६. सार्वजनिक सेवा प्रवाह घुम्ति शिविर एकिकृत शिवीरमार्फत जनताकै घरदैलोवाट प्रवाह गरेको।
७. युद्ध पर्यटन, पर्या पर्यटन, कृषि पर्यटन, संस्कृति पर्यटनका लागि विकास र प्रवर्द्धनका कामहरु अघि बढाइएको छ।
८. संतुलित, समन्यायिक र समावेशी विकासलाइ जोड दिइएको।
९. घरघरमा पानी, सरसफाइयुक्त आनीवानीको नारालाइ निरन्तरता दीइएको।
१०. कोभीड १९ को पहिलो र दोस्रो दोश्रो भेरीएण्ट रोकथाम, नियन्त्रण र उपचारमा पालिकाले महत्वपूर्ण भूमिका निभाएको छ।

११.आमाहरु र बालबालिको सुनिश्चित भविश्यको लागि पोषण कार्यक्रम संचालन गरीएको र पूर्णखोपयुक्त पालिका निर्माण गरी घोषणा गरिएको छ।

१२.कृषि र पशु अनुदानको माध्यमबाट २८७ जना किसानहरुलाइ स्वरोजगार सृजना गरिएको रोजगार कार्यक्रमबाट ३७९ रोजगार दिलाइएको छ।

## २ विद्यमान अवसरहरु

**गाउँपालिकाको समृद्धिको आधार**

- जनतामा विकास प्रतिको उच्च आकांक्षा
- जनप्रतिनिधिमा विकास गर्ने उच्च चाहना
- गाउंपालिकासङ्ग विकास गर्न  अधिकार, श्रोत र जनशक्तिको उपलब्धता
- परम्परागत रुपमा पौरखी र उद्यमी जनताको वसोवास भएको क्षेत्र
- पर्यटकीय संभावना फस्टाउदै गएको पालिका
- जिल्ला सदरमुकाम रहेका कारण लगानी र प्रतिफलका लागि आकर्षक

## ३ विद्यमान चुनौतिहरुः

मुलुकले सामना गरिराख्नु परेका केहि विशिष्ट चुनौतीहरुः

- पूँजीगत खर्चमा वृद्धि गर्न नसकिएको।
- COVID-19 का कारण लकडाउनको चरणमा आर्थिक स्थिति कमजोर हुन पुगेको छ।
- हाल आर्थिक तरलता अभावबाट अर्थतन्त्र प्रभावित भएको छ।
- पेट्रोल र ग्याँस को मूल्यमा निरन्तर वृद्धि भइरहेको छ।
- देशमा चुलींदो व्यापार घाटा बढिरहेको छ।
- अवैध बाटोबाट श्रमशक्ति विदेश पलायन हुँदा विप्रेषण (रेमिट्यान्स) घटिरहेको छ।
- लगानीको क्षेत्र घटीरहेको छ।
- घर जग्गामा  उच्च लगानी भएसँगै मुल्य वृद्धि भएको तर कारोवारमा सिथिलता आएकोले आर्थिक समस्या थपिएको छ।।
- खराब ऋणको संख्या वृद्धि भइरहेको छ।
- विश्वमा खाद्य संकट बढिरहेको केहि आँकडाले जनाए अनुसार खाद्यान्न निर्यात गर्ने ६० मुलुकले अवदेखि निर्यात गर्न नसकिने जानकारी गरिसकेको अवस्था छ।
- उत्पादनको क्षेत्रमा भन्दा पूर्वाधारका क्षेत्रमा लगानी बढी भइ आर्थिक असन्तुलन देखिएको छ।
- आन्तरिक आय कमी भएको र जनअपेक्षा धेरै रहेको।
- प्रचलित सहभागितात्मक योजना तर्जुमाका चरणहरू सत प्रतिशत अवलम्वन हुने गरेको तर पर्याप्त वजेटको अभावका कारण सम्बोधन गर्न नसक्दा जनतामा योजना तर्जुमा प्रक्रियामा विश्वास घटदो।
- आन्तरिक श्रोतवाट प्रशासनिक खर्चको सिमा भित्र रहन नसकिएको।
- सामाजिक जवाफदेहिताका औजार अन्तर्गत आयोजनाहरुको सार्वजनिक परिक्षण प्रक्रिया पुर्णौ र्याएर हुन नसकेको तथा यसको प्रतिवेदन प्राप्तहुन नसकेको।

- विभिन्न विशेष कोषहरुको संचालन प्रभावकारी नभएको ।
- खर्च अख्तियारी ढिला आउँने ।
- खर्च प्रतिशत एकैचोटी आषाढमा मात्र बढ्नु ।
- योजनालाई आर्थिक उपार्जनको माध्यम ठानिनु ।
- सरकारी रकम भनेर लापरबाही गर्ने प्रचलन ।
- सहभागितामूलक योजना निर्माण तथा कार्यान्वयनमा कठीनाई हुनु ।
- शुद्ध खानेपानी तथा पूर्ण सरसफाईका गतिविधिहरु व्यवस्थापन गर्न हम्मे-हम्मे भइरहेको छ ।
- शैक्षिक गुणस्तर तथा उपलब्धी बढाउन नसकिएको ।
- अपेक्षित रुपमा जातिय छुवाछुत, बालबिबाह, अन्धिवश्वास जस्ता कुराहरुको न्युनिकरण गर्न नसकिएको ।
- सर्वपक्षिय तथा सर्वदिलय समन्वयात्मक सम्बन्ध तथा सहयोगात्मक भावना जागृत गराउँन नसकिएको ।
- गरिबी निवारण कार्यक्रम गर्दा बिपन्न समुदायका मागहरु परिबर्तन भैरहनु ।
- भौगोलिक विकटता र सिमित क्षेत्र ।
- भएका विकास गतिविधिहरु, लाभान्वित वर्ग र उपलब्ध नतिजाहरुलाई एकिकृत गरि राख्न नसकिनु ।
- अर्गानिक उत्पादनका लागि प्राविधिक सेवा-टेवाको बन्दोबस्त हुन नसक्ने अवस्था ।
- स्थानिय युवाहरु कृषि तथा पशुपन्छी व्यवसाय प्रति आकर्षित हुन छाडेबाट यो पेशा घट्दो क्रममा छ ।
- सडकको मात्रात्मक विकास हुँदै गएपनि गुणात्मक रुपले सडकको स्तर सुध्रिन नसक्नु, पहाडी धरातलमा बनाइएका सडकहरुको मर्मत सम्भार महंगो हुनु, ग्रामिण क्षेत्रमा प्राविधिक नाप नक्सा विनानै चुनौतिको रुपमा औल्याउन सकिन्छ ।
- सूचना तथा संचार प्रविधिका उपकरणहरुको प्राप्ति, जडान, प्रयोग र मर्मत सम्भारका कामका लागि पर्याप्त बजेट, दक्ष जनशक्ति र प्रविधि साक्षर सेवाग्राहीको अवस्था सृजना गर्नु नै प्रमुख चुनौति हो ।
- छरिएर रहेका वस्तिलाई बस्ति विकासको ढाँचामा ल्याउन सम्बन्धित बासिन्दाको सामाजिक, साँस्कृतिक तथा भावनात्मक कारणले अत्यन्त जटिल विषय छ ।
- वन सम्बन्धि कानूनको परिपालन, प्राकृतिक स्रोतमा स्थानीय समायको न्यायोचित पहुँच तथा वन र वातावरण विचको अन्तरसम्बन्ध  तथा अन्तरपुस्ता समन्वय बारे जनसाधारणमा स्पष्ट ज्ञान र तदनुरुप भूमिका निर्वाह गर्ने कार्यहरु चुनौतिको रुपमा रहेका छन् ।
- वनको विनास, फोहोरमैलाको जाथाभावी विसर्जन र नदीजन्य पदार्थको अन्याधिक दोहन जस्ता कार्यहरुको नियन्त्रण र निवयमन गर्ने विषय चुनौतिको रुपमा देखापरिरहेको छ । विकासमा वातावरणको पक्षलाई पूर्ण रुपले संशोधन गर्ने कार्य पनि चुनौतिपूर्ण छ ।
- सरकारी प्रक्रियामा सरलीकरण, सेवा प्रवाहमा स्तरीकरण, जनशक्तिको क्षमतामा वृद्धिकरण र आर्थिक आचरणमा शुद्धिकरणका माध्यमबाट सुशासन बहाल गर्ने काम निकै चुनौतिपूर्ण छ ।

## घ. निति तथा कार्यक्रम तर्जुमाका आधारहरु

१ नेपालको संविधान २०७४

२ दीगो विकासका लक्ष्यहरु

३ गांउसभाले स्विकृत गरेका प्राथमिकताहरु

४ संघिय सरकार, प्रदेश सरकार र स्थानीय निति योजना र लक्ष्य

५ दीर्घकालिन गुरु योजना, आवधिक योजना, यातायात गुरुयोजना

६ संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका विभिन्न परिपत्र र निर्देशनहरु

७ हालसम्म कार्यान्वयनको दौडानमा भोगेका अनुभव र सिकाइहरु

८ पालिकाका सालवसाली कार्यक्रमहरु तथा योजनाहरु

**ङ. चालु आ व को हालसम्मका प्रमुख उपलव्धीहरुको संक्षिप्त विवरण**

**क भौतिक उपलव्धी:**

- १.५ किलोमिटर कालोपत्रे, ९ किलोमिटर ग्राभेल, १०५.५० किलोमिटर कच्ची सडक निर्माण गरिएको मा १२० किलोमिटरमा गाडी सुचारु हुने गरेको।
- २० वटा झोलुङ्गे निर्माण सम्पन्न भएका छन भने १० वटा निर्माणाधिन, ट्रस पुल ७ वटा, मोटरेवल पुल २ वटा सम्पन्न छन भने ३ वटा निर्माणाधिन छन्। आर सी सी पुल ३ वटा ,काठे पुल ३ वटा र मर्मत पुल २ वटा रहेकाछन।
- २४३ किलोवाट विद्युत उत्पादन भइ वितरण गरिएको।
- ४०९ घरमा सुधारीएको चुलो जडान गरिएको।
- २ वटा स्थानीय एफ एम संचालनमा रहेको।
- खानेपानी पाइपलाइन विस्तार ६५ कि मी, ट्याङ्की निर्माण ५० वटा, मुहान संरक्षण २८ वटा र अन्य मर्मत १९ सम्पन्न भएका छन्। जसबाट २८०० घरधुरी लाभान्वित भएको छ।
- ४२ वटा विद्यालय भवन निर्माण, ३१ वटा सामुदायिक भवन, १३ वटा स्वास्थ्य भवन, गांउपालिका र वडा भवन ५ वटा, अन्य ९ वटा भवनहरु निर्माण सम्पन्न भएकाछन्।
- कुलो निर्माण ३५ वटा, नदी नियन्त्रण, तटवन्धन ४३ वटा र अन्य मर्मत ७ वटा सम्पन्न भएका छन्।
- ठूला आयोजना मध्येका पालिकाको प्रशासकीय भवन, पाँच शैयाको पालिका अस्पताल, ठाँटीडाँडा युद्ध संग्राहलय, छिप्रिदह-सेराखेत ढल निकास, छिप्रिदह दह संरक्षण, नेटा सहिद पार्क, देउराली ओढार, झुम्कामारे, धाउने डम्पिङ लगाएत विभिन्न भौतिक पूर्वाधार निर्माण कार्य भइरहेको र केही आयोजनाहरु सम्पन्न हुने चरणमा रहेको।
- १५ घर अतिविपन्न दलितहरुलाइ जनता आवास कार्यक्रम मार्फत शौचालय सहितको घर निर्माण गरीएको।
- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत २१० विपन्न नागरिकहरुलाइ घरको खरको छानो विस्थापित गरी टिनको छानो स्थापित गरिएको।

**ख सामाजिक उपलव्धी:**

- ३ वटा नयाँ सामुदायिक विद्यालय खोल्न अनुमति दिइएको।
- स्थानीय संस्कार संस्कृति, गौरव, खाना लगायतको प्रवर्धन गर्न कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्क्रम तथा पाठ्य पुस्तक निर्माण गरी पठन पाठन गर्ने गरिएको।

- पर्यटन पर्वर्धन गर्न गुरील्ला ट्रेल र सिस्ने राउन्डीङको अध्यण भइ पर्यटन पदमामार्गको नक्सा निर्माण भइरहेको ।
- ३ वटा विद्यालयमा प्राविधिक धार सञ्चालन गरिएको ।
- ६ वटा विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना गरिएको।
- ४ वटा विद्यालयमा कम्प्युटर प्रयोगशाला स्थापना गरिएको।
- ९ वटा विद्यालयमा इन्टरनेट सेवा जडान गरिएको।
- ७ वटा आधारभूत स्वास्थ्य इकाई स्थापना गरी स्वास्थ्य सेवा पुर्याइएको।
- वडा नं ३ लाइ नो होम डेलीभरीसेवा घोषणा तयारीमा रहेको।
- नेपाल सरकारले तोकेको दीर्घरोगी ४८ जनालाइ रु २५०००।- का दरले सहयोग दीइएको र रु १ लाख सम्मको छुटका लागि सम्वन्धित अस्पतालमा सिफारीस गरी सेवा प्रदान गरिएको ।
- बालबालिकाको स्वास्थ्य अधिकार पहुँचका लागि पूर्णखोप पालिका घोषणा गरिएको ।
- बालविवाह न्यूनिकरण तथा उच्च शिक्षामा पहुँच र सामाजिक अधिकार प्राप्ति गर्न छोरी बचत कार्यक्रम सञ्चालन गरिएको र उक्त कार्यक्रम प्रभावकारी भएको ।
- युवा विकास केन्द्र गठन गरी युवाहरुका लागि खेलकुद कार्यक्रम र पर्यटन प्रवर्धनका कार्यहरु गरिएको ।
- सेफ हाउस सञ्चालन गराउन ल्याइ लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाहरुलाई सिफारिश गरिएको ।
- सुत्केरी महिलाहरुका लागि फ्रि एम्बुलेन्स सेवा सञ्चालनमा ल्याईएको ।
- धार्मिक, साँस्कृतिक तथा पर्यटन प्रबर्द्धनका लागि मठ मन्दिर निर्माण,पार्क निर्माण, गुफा तथा दह संरक्षण लगाएतका पर्यटकीय सम्पदाहरुको प्रबर्द्धन क्षेत्रमा महत्वपूर्ण कार्य गरिएको ।

**ग आर्थिक उपलब्धी:**

- पाँच सय व्यवसायिक कृषि फर्म दर्ता गरी आबद्ध भएका कृषिकहरुबाट १ करोड ७७ लाख (तरकारी, फलफूल र विउ विजनबाट) स्वरोजगार बनाइएको ।
- व्यवसायिक पशुपालन फर्म दर्ता गरिएको ।
- युवाहरुलाई उद्यमी बनाई रोजगार सिर्जना गर्न विभिन्न सिपमूलक तालीमको व्यवस्था गर्न २३१ जना लाभान्वित भएको।
- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ९५४ जनालाइ रोजगारी दिलाइएको ।
- माटो सुहाउदो कृषि पकेट क्षेत्र निर्धारण गरी कृषि तथा पशुपन्छी सम्बन्धी क्रियाकलापहरु सञ्चालन गरिएको ।
- स्यालापाखामा कृषि स्मार्ट गाउँ कार्यक्रममा सञ्चालन भएको ।
- ४ घर सुकुम्वासी बादी परिवारलाइ जग्गा उपलब्ध गराइएको ।

**घ. वन, वातावरण तथा विपद् व्यवस्थापनका उपलब्धी:**

- सिस्ने वडा नं ५ धाउनेमा डम्पिङ साइड निर्माण गरी फोहोर व्यवस्थापन गरिएको ।
- रुकुमकोटको ढल व्यवस्थापन गर्न छिप्रिदह सेराखेत ढल निकास निर्माण कार्य भई रहेको ।

- पहिरो पिडित र आगलागी पिडित ३५ जनालाई रु पाँच हजारका दरले राहात उपलब्ध गराईएको साथै अति विपन्न १२० जनालाई चामल, त्रिपाल वितरण गरिएको।
- विभिन्न विद्यालयहरु, सार्वजनिक स्थान, सडकहरुको पहिरो नियन्त्रण तथा नदी कटानमा तटवन्धन गरी विपद जोखिम न्यूनिकरण गरिएको।
- शहीदपरिवारको शेयर खरीदका लागि सहिद सहकारी निर्माण गर्न कार्यविधि बनाएर कार्यक्रम बढाइएको।

**ङ सुशासन तथा संस्थागत उपलव्धी**

- गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्य सम्पन्न हुँदै गएको।
- आवश्यक ऐन, नियम, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, जम्मा ८० वटा निर्माण गरी कार्यान्वयन ल्याइएको।
- कर्मचारीको वृद्धि विकास तथा क्षमता विकासका लागि तालिम उपलब्ध गराइएको
- व्यक्तिगत घटना दर्ता अनलाइन मार्फत तथा सामाजिक सुरक्षा भत्ता बैङ्किङ प्रणाली मार्फत सेवा दिइएको।
- कार्यालयको प्रशासनिक काम कारबाहीहरूलाई सफ्टवेयर सञ्चालनमा ल्याइएको।
- पालिकाको काम कारबाहीहरुलाई विभिन्न मिडियाहरुलाई जानकारी गराउँदै आएको।
- मासिक रुपमा सिस्ने गतिविधि नामक विकास बुलेटिन प्रकाशन गर्ने गरिएको।
- स्थानीय रेडीयो मार्फत विभिन्न गतिविधी जानकारी गरांउदै आएको।
- न्यायिक समितिमा हाल सम्म ६९ वटा उजुरी दर्ता भएकोमा १९ वटा मेलमिलावाट फच्यौंट गरिएको र ६ वटा अदालत पठाइएको र बांकी ४४ वटा दर्ता भए तर बाहीरै मिलापत्र भएकाछन्।
- चौमासीक तथा वार्षिकरुपमा प्रगति समिक्षा, सार्वजनिक सुनुवाइ गरी नागरिकको सुसूचितहुने अधिकारलाइ सम्वोधन गरिएको।

**च. आगामी आ व का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरु**

**१ आर्थिक विकास**

**कृषिः**

क. भौगोलिक क्षेत्र सुहाउँदो मौसमी तथा बेमौसमी कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गरि पालिकाको गरिबी निवारण गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिने छ।

ख. किसान सूचीकरण/ वर्गीकरण गरि किसान परिचयपत्र वितरण गरिनेछ। वास्तविक किसान छनौट गरि माग बमोजिम कृषि कार्यक्रमको सञ्चालन गरिनेछ।

ग. कृषि बिमा प्रोत्साहन गरि आवश्यक कृषि प्रसार सेवा दिइने छ।

घ. कृषि उत्पालन सहज बजारीकरणको लागि मूल्य श्रृंखला Value chain संग सहकारीको सवलीकरण गरिनेछ।

ङ. भौगोलिक अवस्थाअनुसार माटो परिक्षण गरि आवश्यक कृषि उन्नत प्रविधि हस्तान्तरण गरिनेछ।

च. भू-उपयोग नीति र कृषि नीति निर्माण एवं कार्यान्वयन गरिनेछ।

छ. भूमिहिन किसानलाई जमिनको प्रबन्ध गर्न विशेष पहल गरिनेछ।

ज. स्थान विशेष थप उत्पादन पकेट क्षेत्रको विकास गरि उत्पादन विशिष्टिकरणमा जोड दिइनेछ ।

झ. उत्पादनशिल क्षेत्रमा सहकारी संस्थाहरुलाइ परिचालन गरी आर्थिक कृयाकलापमा जोडीनेछ ।

ञ. कृषि विकासलाइ स्थानीय आर्थिक विकासको मुख्य आधारमानी निर्वाहमुखि कृषिलाइ व्यवसायिकरणमा वदल्न विभिन्न कृयाकलाप संचालन गरिने छ । पालिका क्षेत्रभित्रमा निर्माण भइरहेको चिस्यानगृहलाइ सम्पन्न गरी संचालनमा ल्याइने छ । वजारको माग बमोजिम स्थानीय स्तरमा उत्पादीत ताजा तरकारी, फलफूल, दूध, अण्डा, मासुको आपूर्ति गर्न विभिन्न कृयाकलाप संचालन गरिने छ ।

ट. वडा नं १, २, ४ वडाका लेकाली क्षेत्रमा वन डिभीजन कार्यालयसंग सहकार्य गरी जडिबुटीहरुको खेती संचालन गरी स्वरोजगार सृजना गरिने छ ।

**पशुः**

क. नश्ल सुधारको कार्यक्रम जारी रहनेछ ।

ख. लोपोन्मुख स्थानीय जातका पशु तथा पंक्षीहरुको संरक्षण र संम्बर्द्धन गरिनेछ ।

ग. पशुपंक्षि बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

घ. जुनोटिक रोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

ङ. पशुजन्य पदार्थको प्रशोधन केन्द्र स्थापनामा ध्यान दिइनेछ ।

च. व्यवस्थित तथा आधुनिक बधशाला निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

छ. व्यवसायिक रुपमा संलग्न कृषकहरुको लागि खोर, गोठ निर्माणका लागि विभिन्न अनुदान सहयोग कार्यक्रम सञ्चालन गरिनेछ साथै दुग्ध व्यवसायलाई प्रवर्द्धन गर्न भैंसीलाई सुत्केरी भत्ता प्रदान गरिने नीति लिईनेछ ।

ज. पशु हाटबजारको सम्भाव्यता अध्ययन गरि शिघ्र सञ्चालनमा ल्याउन जोड दिइनेछ ।

झ. पशु सेवाको लागि एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ ।

**सहकारीः**

क. श्रम सहकारी तथा श्रम समूह गठन गरी प्रभावकारी कार्यान्वयन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

ख. जिल्ला सहकारी संघ मार्फत साझेदारीमा कार्यक्रमहरु सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

**वित्तिय क्षेत्रः**

वित्त क्षेत्रसँगको साझेदारीमा कृषि उत्पादन र अन्य क्षेत्रमा लगानी प्रवर्द्धन गर्दै सहकार्य गरिने नीति अवलम्बन गरिनेछ।

**वाणिज्यः**

वाणिज्य क्षेत्रमा उद्योग वाणिज्य संघ र बजार व्यवस्थापन समितिसँगको सहकार्यमा व्यापार प्रवर्द्धनको कार्यक्रम सञ्चालन गरिने नीति अवलम्बन गरिनेछ।

**पर्यटनः**

क. पर्यटन पूर्वाधार विकास र पर्यटनमैत्री दक्ष जनशक्ति उत्पादनमा लगानी बढाउदै जाने नीति लिइएको छ । जसमा सिस्ने हिमाल सर्कीट निर्माण भइ नक्सा तयार गरिएको छ । सिस्ने हिमाल पदमार्ग निर्माणको कामलाइ निरन्तरता दीइने छ। होमस्टे तालिम

संचालन गरि त्यस्ता घरबासलाइ अनुमति प्रदान गरिने छ। आगामी आ. व. देखि सानीभेरी नदीमा ऱ्याफ्टिङ संचालन गरिने छ। पालिका भित्र पर्यटन सूचना केन्द्रको स्थापना गरी पर्यटन प्रबर्धन कार्य गरीने छ।

ख. स्थानीय जातजाती धर्म सँग सम्बन्धित भेषभुषा, चालचलन, कला, साहित्य, गित, संगित र सोसँग सम्बन्धित ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदा सँग सम्बन्धित पूर्वाधार निर्माण संरक्षण संवर्द्धन र प्रचार प्रसारमा विशेष जोड दिइनेछ।

**ग.** ऐतिहासिक कुटुम्बुरी पार्क र बाउन्न पोखरी त्रिपन्न टाकुरी स्याण्ड मोडेल निर्माण गरिनेछ।

**घ.** सिस्ने राउण्ड पदमार्गका निर्माणका लागि सिस्ने सरकार र यसै क्षेत्रमा कार्यरत संघ संस्थाहरुसँग साझेदारी गर्न विशेष कार्यक्रम ल्याइनेछ।

**लघु उद्यमः**

क. सिस्ने गाउँपालिकाको गरिबीलाई शुन्यमा झार्न उद्यमशिलताको माध्यमबाट मागमा आधारित विभिन्न सिपमूलक तालिम सञ्चालन गरिनेछ।

ख. आर्थिक समृद्धिको आधार लघु उद्यम मार्फत स्वरोजगार भन्ने नाराका साथ सिस्ने गाउँपालिकाले सञ्चालन गरिरहेको लघु उद्यम विकास कार्यक्रमलाई संघ र स्थानीय तहको साझेदारीमा यस वर्ष पनि निरन्तरता दिइनेछ।

ग. साथै आर्थिक वर्ष २०७८।०७९ मा सिर्जना भएका उद्यमीलाई प्राथमिकताको आधारमा स्तरोन्नति तालिम तथा प्रविधि हस्तान्तरण गरिनेछ। उद्यमीहरुलाई समुहमा उद्यम व्यवसाय गर्न प्रोत्साहन गर्ने उद्देश्यले आगामी आर्थिक वर्षमा एउटा साझा केन्द्र उद्यमी घर निर्माण गरिनेछ। साथै स्थानीय उत्पादनको चिनारीको रुपमा एउटा कोशेली घर स्थापना गरिनेछ।

## २ सामाजिक विकास

**शिक्षातर्फः**

**"आधारभूत शिक्षामा समान पहुँच अनिवार्य, प्रविधिमा आधारित गुणस्तरिय शिक्षा अपरिहार्य"**

क. शिक्षामा लगानी बढाउदै जाने र मानव स्रोतलाइ पूजीमा बदल्ने अभियानलाइ यस पालिकाले प्राथमिकतामा राखेको छ। युनिसेफ, युन एफ पि ए जस्ता निकायहरुसँगको सहकार्यमा बालमैत्री स्थानीय शासन र बृहत्तर विद्यालय सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

ख. मापदण्ड सहितका विद्यालय भवन निर्माण, फर्नीचरको उपलव्धता, विद्यालयमा खानेपानी शौचालयको सुविधा, खेलकुद मैदान निर्माण तथा पुस्तकालय एवं शैक्षिक सामाग्रीको सहयोग गर्ने नीति लिएको छ।

ग. गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री, पूर्वाधारयुक्त, गुणस्तरीय र सुशासनयुक्त बनाउनुका साथै वार्षिक शैक्षिक तालिका, परीक्षा प्रणाली, प्रतिवेदन र लेखाङ्कनलाई एकरुपता बनाईनेछ। शैक्षिक क्षेत्रमा देखापरेका कमिकमजोरी हटाई क्रमशः सुधार गर्दै लैजान सरोकारवाला पक्षहरुसँगको समन्वयमा अनुगमन तथा नियमन कार्यमा जोड दिइनेछ।

घ. शिक्षण पेशामा अब्बल प्रतिभाहरुलाई प्रवेश गराउन विश्वविद्यालयबाट उत्कृष्ट अङ्क हासिल गरेका प्रतिभालाई विषय तथा आवश्यकताका आधारमा शिक्षण पेशामा प्रवेश गर्न पाउने सहज कानुनी व्यवस्था गरिनेछ।

ङ. विद्यालय विमुख तथा बालविवाहबाट पिडित किशोरीहरुका लागि जीवन उपयोगी शिक्षा कार्यक्रम सन्चालन गरीने छ।

च. राष्ट्रिय पाठ्यक्रमले स्थानीय तहबाट निर्माण हुनेगरी छुट्याइएको कार्यक्रमलाई स्थानीय आवश्यकता अनुरुप व्यवहारिक र जीवनोपयोगी एवं समसामयिक बनाउन सिस्ने गाउँपालिका स्तरको आधारभूत तह कक्षा (६-८) को पाठ्यक्रम तयार गरी

कक्षा ६ र ७ को पाठ्यपुस्तक समेत निर्माण गरी लागु गरिसकेको अवस्थामा कक्षा ८ को पाठ्यपुस्तक निर्माण गरी यसै वर्ष देखि कार्यान्वयनमा ल्याइनेछ ।

छ. शैक्षिक गुणस्तर सुधार गर्न प्रधानाध्यापकलाई विद्यालय स्तरमा समग्र शिक्षण सिकाइ व्यवस्थापनको नेतृत्वदायी भूमिकाको लागि जिम्मेवार गराउन र विषयगत रुपमा शिक्षकहरुको क्षमता विकास गर्न छोटा अवधिका तालिम सञ्चालन गरिनेछ।

ज. विद्यालयमा विद्यार्थी उपस्थितिलाई अभिवृद्धी गर्न सबै विद्यालयमा दिवाखाजा कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गरी गुणस्तरीयता कायम गर्न विद्यालयगत आवश्यक्ताका आधारमा चमेना गृह विस्तार कार्यक्रमहरु व्यवस्थापन गर्दै निरन्तर अनुगमन कर्यमा जोड दिइनेछ ।

झ. कार्यक्रमको सफलतालाई मूल्याङ्कन गरी प्रभावकारीताको आधारमा आगामी वर्षहरुमा गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शिक्षक दरवन्दी मिलान, शिक्षक नियुक्ति, शिक्षक सरुवा तथा विद्यालय कर्मचारी नियुक्ति प्रक्रियालाई व्यवस्थित, नियमसंगत र पारदर्शी बनाउन जोड दिइनेछ । शिक्षा क्षेत्रमा नवीनतम प्रविधि र अनुकरणीय कार्यको अवलम्वन गर्ने उद्देश्यले शैक्षिक भ्रमण तथा अन्तरविद्यालय भेटघाटलाई जोड दिइनेछ। विद्यालयहरुको अनुगमन प्रतिवेदनका आधारमा विद्यालय सार्ने, मर्ज गर्ने, बन्द गर्ने र अनुमती प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्दै निरन्तरता दिइनेछ ।

ञ. हरेक विद्यालयमा बालशिक्षा कक्षा सञ्चालनका लागि न्युनतम विद्यार्थी संख्याको उपस्थिति समेतका आधारमा बाल शिक्षा कक्षाहरुमा आवश्यक शैक्षिक सामग्रीहरु र मन्टेश्वरी तालिमको व्यवस्थापन गरिनेछ ।

ट. गाउँपालिका भित्र कम्तिमा ३ विद्यालयमा फरक फरक क्षेत्र तथा विषयगत प्राविधिक शिक्षा सञ्चालन नीति अन्तर्गत त्रिभुवन जनता मा वि छिप्रिदहमा ईलेक्ट्रीकल, रुक्मिणी मा. वि. मा शुद्ध विज्ञान विषयमा पढ्ने विद्यार्थीहरु बिचमै कक्षा छोड्ने दरलाई कम गर्नको लागि छात्रवृत्तिको व्यवस्था गरिनुका साथै जनता मा. वि. पोखरामा सब ईन्जिनियरिङ्ग कोर्ष सञ्चालन भइरहेकोले त्यसको लागि प्रशिक्षकको व्यवस्थापन भइसकेकोले उक्त कार्यलाई निरन्तरता दिइनेछ ।

ठ. बालबालिकाहरुको गुणस्तरीय आधारभूत शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न र दलित, विपन्न परिवार तथा गरिबीले आक्रान्त, द्वन्द्वपिडित, कोभिड-१९ बाट अभिभावक गुमाएका र असहाय छात्रछात्रालाई शिक्षामा प्रोत्साहित गर्न पोशाक तथा शैक्षिक सामाग्री वितरणको माध्यमबाट बालबालिकाको सिकाइलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

ड. विशेष कक्षा सञ्चालन भएका विद्यालयहरुमा सुस्तश्रवण, दृष्टिविहिन, न्यून दृष्टि र बहिरा छात्रछात्राहरुको लागि आवासको व्यवस्था गरिसकेकोले नियमित अनुगमन सहित यसलाई पूर्ण रुपमा कार्यान्वयमा लगिनेछ ।

ढ. सिस्ने गाउँपालिकाभित्र रहेका सबै माध्यमिक स्तरमा बृहत्तर यौनिकता तथा प्रजनन स्वास्थ्य किशोरकिशोरी मैत्री सूचना केन्द्र स्थापना गरीएकोले यस आ. व. मा आवश्यक बजेटको व्यवस्था गरी किशोरीमैत्री सूचना केद्रको स्तरोन्नती गरिनेछ ।

ण. किशोर किशोरीहरुको जीवनउपयोगी सिप विकासका लागि विद्यालयस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरीनेछ ।

त. शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी संख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था, कक्षा शिक्षण पद्धति मार्फत पढाई सीप प्रवर्द्धन गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोत सामग्री,प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्था मिलाइने छ ।

थ. शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यालयहरुमा प्रतिस्पर्धात्मक भावना जाग्रित गर्दै उत्कृष्ट सिकाइ उपलब्धी हासिल गर्न प्रधानाध्यापक, विषयगत शिक्षक र विद्यार्थीलाई दण्ड र पुरस्कारको व्यवस्था मिलाइने छ साथै विद्यालय व्यवस्थापन समितिको कार्यक्षमता अभिवृद्धि गराउन विभिन्न कार्यक्रम तर्जुमा गरिनेछ ।

द. विद्यालय शिक्षाको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकुल परिमार्जन गर्नुका साथै आधारभुत तहको कक्षा १ देखि ५ सम्मको स्थानीय पाठ्यक्रम निर्माण भइसकेकोले पाठ्यपुस्तक तयार गरी चरणबद्ध रुपमा कार्यान्वयन ल्याइनेछ ।

ध. गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुलाई टिनको छानामुक्त गर्ने कार्यको शुरुवात गरिनेछ ।

न. प्रविधिमैत्री शैक्षिक कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न विधुतको पहुँच नभएका विद्यालयहरुमा सौर्य उर्जाको बैकल्पिक व्यवस्थापन कार्यलाई जोड दिइनेछ ।

ऩ. विद्यालयहरुको आवश्यक्ता आधारमा तहगत र विषयगत श्रव्य, श्रव्य- दृश्य लगायतका शैक्षिक सामग्रीहरुको व्यवस्थापन गर्दै लगिनेछ ।

प. तहगत रुपमा विद्यार्थीहरुको अन्तर्निहीत क्षमताको पहिचान, प्रस्फुटन र विकास गर्न खेल सामग्रीहरु वितरण कार्यमा जोड दिई समय समयमा विविध अतिरिक्त कृयाकलापहरु सञ्चालन गरिनेछ ।

फ. रुक्मिणी पुस्तकालयलाई ई-लाइब्रेरी र वाचानालयसम्म विकास गर्न पूर्वाधार निर्माण गरिनेछ ।

**स्वास्थ्य तर्फः**

**क**. जनताहरुमाझ उपचारको सुविधा पुर्याउन पालिकाको आफ्नो स्रोत र अन्य निकायहरु जस्तै एन.एस.आइ., युनिसेफ, यु.एन.एफ.पि.ए., फेयरमेड, रेडक्रस, एन. प्याफ, मिक नेपाल जस्ता संस्थाहरुसंग सहकार्य गरी भौतिक पूर्वाधार विकास, जनशक्ति व्यवस्थापन, औषधिको उपलव्धतामा ध्यान दिइने छ। छोरी वचत कार्यक्रमलाइ निरन्तरता दिइने छ । जिल्ला अस्पतालमै सल्यकृया संचालनमा ल्याईने छ, भने पालिका भित्रका स्वास्थ्य चौकीहरुलाइ सवैक्षेत्रबाट स्तरोन्नती गरिने छ । पालिका भित्र बर्थिङ सेन्टरमा सुत्केरी गराउन आउन जाने सुत्केरीहरुलाइ निशुल्क एम्वुलेन्स सेवा कार्यक्रमलाइ निरन्तरता दिइने छ ।

**ख**. ६० वर्षदेखि माथिका जेष्ठ नागरिकलाई घर दैलोमा गएर बर्षको तिनपटक स्वास्थ्य जाँच गर्ने व्यवस्था गरिनेछ ।

**ग**. विपन्न नागरिकमध्ये प्रत्येक वडाबाट स्वास्थ्य बिमा गर्ने नीति अन्तर्गत यस वर्ष २५-२५ जनालाई स्वास्थ्य बिमा गरिनेछ।

**घ**. ५ वर्ष मुनिका बालबालिकालाई पोषण लेखाजोखा गरी पुरष्कृत गरिनेछ ।

**ङ**. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई सूचना संचारमा जोड्नका लागि सिस्ने गा. पा. का ४२ जनालाई एक-एक मोबाईल व्यवस्था गरिनेछ ।

**च**. आयुर्वेद, योगशाला, प्राकृतिक चिकित्सा पद्धतिलाई अनुसन्धान केन्द्र स्तरसम्म विकास गर्ने नीति अतियार गरिनेछ ।

छ. असाध्य रोग लागेका व्यक्तिहरुलाई स्वास्थ्य उपचार खर्च गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ साथै ल्याव सेवामा विपन्न वर्गलाई छुटको व्यवस्था गर्ने नीति ल्याइनेछ ।

ज. अध्ययन पश्चात गाउँपालिकामा निश्चित अवधि सेवा गर्ने शर्तमा स्थानीय छात्रछात्रालाई चिकित्सा शिक्षा अध्ययन गर्न ऋण तथा अनुदान सहयोग प्रदान गर्ने व्यवस्था गरिनेछ ।

**कला संस्कृतितर्फ**

क. स्थानीय कला तथा संस्कृतिको प्रवर्धन गर्न साहित्य परिषद साहित्य प्रतिष्ठानको प्रवर्द्धन गर्ने आवश्यक नीति लिइनेछ ।

ख. मठ, मन्दिर, चौतारी, गुम्बा, थान, चर्च जिर्णोद्धार एवं संरक्षणलाई ध्यान दिईनेछ ।

ग. स्थानीय लोकबाजाको संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणतर्फः**

क. समाजमा विद्यमान विभेद, असमानता र वञ्चितीकरणलाइ न्यूनीकरण गर्न लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण नीति अवलम्वन गरी विभिन्न कृयाकलाप संचालन गरिने छ । महिला, बालवालिका, जेष्ठ नागरिक, अपांग एकल महिला, दलित समुदायका लागि आय आर्जनका कृयाकलाप संचालन गरिने छ ।

ख. किशोर किशोरी र युवाहरुको लागि खेलकुद तथा मनोरञ्जनका कार्यक्रम मार्फत सृजनसिल बनाइ उत्साह जागृत गराउने कार्यक्रमहरु संचालन गरिने छ ।

ग. युवा विकास केन्द्रद्धारा युवाको सर्वागिंन विकासका लागि व्यायामशाला सञ्चालन गरिनेछ ।

**महिलाः**

क. महिलाको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि सिप विकास तथा व्यक्तित्व विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।

ख. लैङ्गिक हिंसा नियन्त्रण र हिंसाका घटना व्यवस्थापनमा सामुदायिक संयन्त्रहरुलाई सशक्त रुपमा परिचालन गर्ने साथै लिङ्गिय विभेदका अवयवहरुलाई उन्मुलन गर्न विशेष ध्यान दिइनेछ ।

ग. स्थानीय व्यवसायी महिलाद्धारा उत्पादित व्यवसायिक उत्पादनलाई राष्ट्रिय स्तरको बजारमा पहिचान गराई विगतमा सञ्चालित ग्रामिण व्यवसायको निरन्तरता दिने । (जस्तैः कृषि, पशु व्यवसाय)

घ. कोभिड-१९ महामारीबाट समेत प्रभावित महिलाहरुका लागि वस्तुगत टेवा सहितका सिप विकास तथा व्यक्त्व विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।

ङ. मानव बेचबिखन अन्त्य गर्ने ।

**बालबालिकाः**

क. सबै किसिमका बालश्रम अन्त्य गर्ने ।

ख. बालमैत्री गाउँपालिका स्थापना गर्ने ।

ग. बालबिबाह अन्त्य गर्ने ।

घ. बालबालिका माथि हुने सबै किसिमका हिंसा शोषण दुर्व्यवहार अन्त्य गर्ने ।

ङ. गाउँपालिका क्षेत्रलाई बालबिबाहमुक्त गाउँपालिका बनाउने ।

**अपाङ्गः**

क. अपाङ्गता भएका सबै व्यक्तित्वहरुलाई परिचयपत्र दिने ।

ख. मध्यम अपाङ्गता भएका व्यक्तिहरुमा सिप तथा व्यवसायिकता विकास गर्ने ।

ग. पूर्ण अशक्त तथा उचित संरक्षकत्व नपाएका अपाङ्गहरुलाई पुनर्स्थापनाको व्यवस्था गर्ने ।

घ. अपाङ्गता भएका व्यक्तिहरुमा यी हुने सबै किसिमका दुर्व्यवहार अन्त्य गर्ने ।

**जेष्ठ नागरिकः**

क. जेष्ठ नागरिकहरुलाई सम्मानजनक व्यवहार गर्न युवा वर्गलाई जिम्मेवार बनाउने साथै विद्यालयस्तरमा सिप अन्तरपुस्ता हस्तान्तरण कार्यक्रमहरु सञ्चालन गर्ने ।

ख. जेष्ठ नागरिकहरुलाई कानून प्रदत्त सेवाको सहज पहुँच पुर्‍याउन सरोकारवालाहरुसँग समन्वय, सहकार्य बढाउने ।

ग. ६० वर्ष पुगेका जेष्ठ नागरिकलाई परिचयपत्र वितरण गर्ने ।

घ. जेष्ठ नागरिकको दिनभरिको समयलाई सहज बनाउन गाउँपालिका र सामुदायिक संस्थाहरुको सहकार्यमा दिवा सेवा केन्द्रहरु सञ्चालन गर्ने ।

**अन्तरसम्बन्धित विषयः**

क. लक्षित वर्गलाई टेवा पुग्ने गरि सिस्ने गाउँपालिकाभित्रका लक्षित वर्गलाई लोकसेवा तयारी कक्षा तथा पूर्व तयारी कक्षाहरु सञ्चालन गर्ने ।

## ३ पूर्वाधार विकास

### "समृद्धि सिस्नेको आधार गुणस्तर भौतिक पुर्वाधार"

क. स्वच्छ र प्रयाप्त खानेपानीको सुविधा पुर्‍याउनका लागि खानेपानी तथा सरसफाई कार्यक्रमका लागि विभिन्न निकायसँग सहकार्य गरिने नीति लिइनेछ।

ख. फोहोरमैला व्यवस्थापन तथा विसर्जनका लागि निजी तथा सहकारीसँग साझेदारी गरि यसै वर्ष विशेष कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

ग. हरेक वडामा टोल विकास समिति मार्फत संरचना मर्मत फोहोरमैला व्यवस्थापन एवं सरसफाई गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

घ. सडक गुरुयोजना अनुसार प्राथमिकताका आधारमा सडकहरु निर्माण एवं स्तरोन्नती गर्दै लगिनेछ ।

ङ. थप झोलुङ्गे पुल तथा मोटरेवल पुल निर्माणकार्य अगाडि बढाइनेछ ।

च. निर्माण सम्पन्न भौतिक संरचनाको लागि मर्मत सम्भार कोष स्थापना गरि क्रमशः उपभोक्तालाई हस्तान्तरण गर्ने नीति लिइने छ ।

छ. लामा र अग्ला झोलुङ्गे पुल त्यसमा बन्जी जम्प र केबुल कार निर्माणका लागि सम्भाव्यता अध्ययन अगाडि बढाइनेछ ।

ज. हवाइजहाज धावनमार्ग सम्भाव्यता अध्ययनका लागि तत्काल कार्य अगाडि बढाइनेछ ।

झ. जिपलाईन, रक क्लाइम्बीङ्ग, प्याराग्लाइडिङ जस्ता साहशिक खेलका लागि पूर्वाधार सम्भाव्यता अध्ययनका लागि आवश्यक कार्य अगाडि बढाइनेछ ।

ञ. छिप्रिदह ताल संरक्षण, युद्ध संग्राहलय थाँटी डाँडा, छिप्रिदह शेराखेत ढल निकास र नेटा सहिद पार्क प्वाङ यसै आ. व. मा सम्पन्न गर्ने लक्ष लिइएको छ ।

ट. यसै वर्षदेखि सिस्ने-५ को चोकबजार-रुलीखोला-शेराखेत, सिस्ने ५ कै चर्च देखि चिउरेनी लुस्पा थापाचौर ढल निकास निर्माण कार्यको प्रारम्भ गरिनेछ ।

ठ. बजार उज्यालो कार्यक्रम ल्याइनेछ । साथै सिस्ने ५ र ६ नं. वडाका मुख्य बजार क्षेत्रमा स्नान गृहसहितको सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

ङ. सञ्चारको क्षेत्रमा फोन तथा ईन्टरनेट सेवाको गुणस्तर कमजोर रहेको स्थानमा टावर एवं सब टावरको गुणस्तर वृद्धि गर्न आवश्यक पहल गरिनेछ।

ढ. रुकुम पूर्वमा अवस्थित प्रादेशिक कार्यालय स्थापनाका लागि एकिकृत प्रशासनिक भवन निर्माणको आवश्यक पहल गरिनेछ।

ण. सबै वडाहरुमा सम्पूर्ण जनतासम्म स्वस्थ खानेपानी पुऱ्याउनका लागि विस्तृत योजना निर्माण गर्ने कार्य अगाडि बढाइनेछ।

त. रुकुमकोट भित्र सञ्चालित खानेपानी योजनाहरुको पुनः सर्वेक्षण गरि आधुनिक एकिकृत विस्तृत खानेपानी योजनाका लागि विशेष पहल अगाडि बढाइनेछ।

**सडक पुलः**

क. सिस्ने-बजेरी/ कुनाखेत-धपे/ तिप्परा-झिंगेतारा सानोभेरी माथि सडक पुल निर्माणका लागि प्रदेश तथा संघ सरकार मार्फत आवश्यक निर्णय लिनका लागि विशेष पहल गरिनेछ।

## ४ बन तथा वातावरण

**क.** समुदायलाइ वातावरण संरक्षणप्रतिको सचेतना जगाउन क्षमता विकास चेतना अभिबृद्धि संरक्षणका कार्यक्रमहरु वन नर्सरी स्थापना हरित सडक निर्माणमा जोड दिइने छ।

**ख.** जलवायु परिवर्तनका असरबाट उत्पन्न हुने विपद जोखिम न्युनिकरण गर्न पूर्व तयारी, उद्धार, राहत तथा पुनर्स्थापना लगायत प्रतिकार्यका लागि कोषमा रकम बृद्धि गरी कार्यन्वयन गरीने छ। आगामी आ. व. मा सवै वडाहरुमा कोष खडा गरी तत्काल राहत सेवा उपलव्ध गराइने छ।

**ग.** वन पैदावार तथा बहुमुल्य जडिबुटीको उपयोग र बजारीकरणमा विशेष ध्यान दिइनेछ।

**घ.** वन र कृषि लगायत स्थानीय सिप स्रोत र साधनमा आधारित लघुउद्यम विकास एवं ग्रामिण औधोगिकरण स्थापना गरि स्वरोजगारी बृद्धि गर्ने नीति अघि बढाइनेछ।

## ५. सूशासन तथा संस्थागत विकास

क. सिस्ने गाउँपालिकाको न्यायिक समितिको न्याय सम्पादन छिटो, प्रभावकारी र छरि ,मितव्ययी बनाउनका लागि निवेदन दर्ता गर्दा सिस्ने गाउँपालिका न्यायिक समिति कार्यविधि सम्बन्धी ऐन २०७४ को अनुसूची-१ को ढाँचामा लेखीए बमोजिम गरिनेछ। मुद्धाको गाम्भिर्यता हेरी विदाको दिन बाहेक ३ दिनभित्र नै मुद्धाको कारबाही किनारा गरिने छ साथै मुद्धाको प्रकृति हेरी गोपनियता कायम गर्नुपर्ने विषय, मुद्दाका पक्षहरुको परिचय गोप्य राखिनेछ। उजुरीको सुनुवाइ बन्द कक्षभित्रमा गरिने छ।

ख. गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा अनिवार्य ई-हाजिरीको व्यवस्था गरिनेछ।
ई-सिफारिस, ईन्टरनेटको क्षमता सबै वडा कार्यालय, स्वास्थ्य संस्थाहरु र माध्यमिक विद्यालयहरुमा ईन्टरनेट जडान गरी क्षमता बृद्धि गरिनेछ।

ग. सेवाग्राहीलाई छिटो छरितो सेवा प्रवाह गर्न तथा गुनासो कम गर्न जनप्रतिनिधि सहितको सहायता कक्ष स्थापना गरिनेछ।

घ. सुशासन प्रवर्द्धन गर्न पालिकाको मोबाईल एप्लिकेशन प्रयोगमा ल्याईनेछ जसबाट लाभग्राहीले पालिकाको समग्र जानकारी प्राप्त गर्नेछन्।

ङ. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्न विभिन्न तालिम गोष्ठी सञ्चालन गरिनेछ।

च. नगर प्रहरी सम्बन्धी आवश्यक ऐन निर्माण गरि विपद् व्यवस्थापन, भौतिक संरचना सुरक्षा एवं सामाजिक सुरक्षा लगायतका क्षेत्रमा परिचालन गर्ने नीति लिइने छ ।

छ. विद्यमान नीति तथा कानूनमा समयानुकुल परिमार्जन तथा कार्यान्वयन गरिने नीति लिइनेछ ।

ज. साझा समृद्धिको लागि सुशासन विकास र गुणस्तरिय सेवा प्रवाहलाई मुख्य प्राथमिकतामा राखिनेछ ।

झ. सूचनाको हक पारदर्शिता सदाचार नैतिकता जिम्मेवारी बोध आत्मसात गरि भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलताको नीति अख्तियार गरिनेछ ।

ञ. डिजिटलाईज सेवालाई अझ विस्तार गरिनेछ ।

ट. दलित, अपाङ्ग, सिमान्तकृत समुदायका सेवाग्राहीलाई सहज रुपमा सेवा प्रवाह गर्न छुट्टै सहायता कक्ष स्थापना गरिनेछ । साथै घर घरमा स्थानीय सरकार विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

ठ. महिला, बालबालिका, जेष्ठ नागरिक, अल्प संख्यक, सिमान्तकृत, भूमिहिन, विपन्न, दलित, सहिद परिवार घाईते, अपाङ्गहरुको सबै खाले सुरक्षा र संरक्षणको माध्यमद्धारा मूल प्रवाहीकरण गरी सामाजिक न्याय र समानता कायम गर्न सामाजिक सुरक्षाका विभिन्न लक्षित समुदाय केन्द्रिथ कार्यक्रमहरु प्राथमिकताका साथ लागू गरिनेछ ।

ड. NGO, INGO आवश्यकताका आधारमा समन्वय र सहकार्य गरिनेछ ।

ढ. विकास निर्माण सँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्दा नागरिकहरुको संलग्नता सहभागिता तथा सरोकारलाई प्राथमिकतामा राखिनेछ तथा लागु औषध दुर्व्यसनी विरुद्ध विशेष कार्यक्रम लागु गरिनेछ ।

ण. गाउँपालिका कार्यसञ्चालनलाई प्रभावकारी पारदर्शी मितव्ययी बनाइ आर्थिक सुशासन कायम गर्न गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका २०७९ कार्यान्वयनमा ल्याइनेछ ।

अन्त्यमा, नेपालको संविधानले परिकल्पना गरे बमोजिम सबल स्थानीय सरकारको रुपमा विकास गर्न ३ आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सघाउँदै हौसला र साथ दिएर स्थानिय सरकारको हैसियतले सिस्ने गाउँपालिका को आ. व. २०७९।०८० को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउने सु-अवसर प्रदान गर्ने नेपाल सरकार, प्रदेश सरकार, सवै राजनैतिक दल, राष्ट्रसेवक कर्मचारिहरु, सुरक्षाकर्मीहरु, निजीक्षेत्र, नागरिक समाज, आम सञ्चार जगत तथा सम्पूर्ण गाउँपालिका बासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद !**

**कृष्ण रेग्मी**
**अध्यक्ष सिस्ने गाउँपालिका**